नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २४ २०८० साल साउन ३० गते मंगलबार (15 Aug. 2023 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




यस अंक भित्र : २ पृष्ठमा : नाम भैं सबल बन्दै सबल.. ३ पृष्ठमा : जनगणनाबाट देखियो नेपाली समाजमा ... ३ पृष्ठमाबङ्गलादेशमा डेङ्गुबाट.

## ३६ वर्ष पछी ब्यारेजका ५६ वटै ढोका खोलियो



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

सप्तकोशी नदीमा सोमबार विहान यस बर्ष कै पानीको उच्च वहाव भएपछी कोशी ब्यारेजका ५६ वटै ढोका खोलिएको छ ।

कोशी ब्यारेजको इतिहासमा ५६ वटै ढोका खोलिएको यो तेश्रो पटक हो । यस अघि सन १९६८ मा ७ लाख ८८ हजार २ सय क्युसेक तथा सन् १९८७ मा ५ लाख २३ हजार क्युसेक प्रति सेकेण्ड पुग्दा ५६ वटै ढोका खोलिएको इतिहास छ ।

पछिल्लो पटक सोमवार विहान ६ बजे सप्तकोशी नदीमा पानीको बहाव ४ लाख ६२ हजार क्युसेक प्रति सेकेण्ड पुगेपछी सम्भावित जोखिमलाई ध्यानमा राख्दै ५६ वटै ढोका खोलिएको प्रहरीले जनाएको छ ।

कोशी ब्यारेजको कुल भारवहन क्षमता ९ लाख क्युसेक प्रति सेकेण्ड छ । मधेश तीर खासै बर्षा नभएपनि पहाडी क्षेत्रमा जारी अबिरल बर्षा संगै सप्तकोशी नदीमा पानीको बहाव उच्च भएको कोशी ब्यारेजस्थित कन्ट्रोल रुमले जनाएको छ ।

कोशीमा पानीको बहाव उच्च भएपछी खतरा सम्बन्धि संकेत स्वरुप ब्यारेजको पुर्वी कोणमा रातो झण्डा संगै रातो बत्ती बालिएको छ । यद्धपी पानीको जलस्तर घट्दै गएकाले सवारी आवागमन नरोकिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी नरेश कुमार सिहले जानकारी दिए ।

उनका अनुसार सोमवार साँझ ६ बजे तीर विहानको तुलनामा पानीको बहाव १ लाख ६१ हजार क्युसेक प्रति सेकेन्डले घटेर ३ लाख १ हजार क्युसेक प्रति सेकेन्डमा पुगेको छ ।

सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी ब्यारेजमा वर्षाले निम्त्याउन सक्ने जोखिम बारे दुबै जिल्लाका प्रहरी प्रशासन तयारी अवस्थामा रहेको उनले जानकारी दिए । उनले सम्भावित जोखिमलाई ध्यानमा राखी आसपासका वासिन्दालाई सर्तकता अपनाउन अनुरोधसहित सुरक्षाका लागी आवश्यक व्यवस्था र रणनीति बनाउनमा स्थानीय प्रशासन जुटेको समेत बताए ।

यता पहाडी क्षेत्रमा भइरहेको वर्षाले सप्तकोशी आसपास तथा चारै तीर कोशी नदीले घेरीएको हनुमाननगर कंकालिनी नगरपालिका १३ गोबरगाढाका बासीन्दामा त्रास फैलिएको छ । १ सय परिवारका करिब ३ सय जनाको बसोवास छ । बडाअध्यक्ष कुशेश्वर यादवले बस्तीको पुर्वबाट कोशीको भंगालोले कटान गर्न थालेको जानकारी दिदै सोही कारण स्थानीयमा त्रास फैलिएको बताए । समय मै कटान रोक्ने उपाय नगरिए यहाँका घर घरमा पानी पस्ने मात्र नभई घर नै बगाउने स्थानीयमा चिन्ता थपिएको वडाअध्यक्ष यादवले सुनाए ।

चारै तीर कोशीको भंगालोले घेरीएका ती बस्तीका बासिन्दा आपतबिपद परे २ घण्टा डुंगा चढेर हनुमाननगर बजार पुग्ने गरेको बडाअध्यक्ष यादवको भनाइ छ । नगर प्रमुख बिरेन्द्र माझीले गोबरगाढा बस्तीको अवस्थाबारे आफु पुर्ण जानकार र निरन्तर सम्पर्कमा रहेको बताए । उनले ब्यारेजमा बहाव बढ्दै गए उनीहरुलाइ कसरी सुरक्षित र व्यवस्थापन गर्ने यसबारे निरन्तर निगरानीका साथै नगरपालिकासंग भएका सबै श्रोत साधन तयारी अवस्थामा राखिएको जानकारी समेत दिएका छन् ।

सम्भावित जोखिमलाई ध्यानमा राख्दै गोबरगाढाबासी अहिले सुरक्षाका लागि अग्लो स्थानमा बस्दै गरेको वडा अधयक्ष यादवले जानकारी दिएका छन् ।

## कालोपट्टी बाँधेर संघर्षमा उत्रिए खेलकुदका कर्मचारी



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

१९ वर्षदेखी रोकिएको बढुवा प्रकृया शुरु गर्न माँग गर्दै दुई दिनदेखि हातमा कालोपट्टी बाँधेर काम गर्दै आएका जिल्ला खेलकुद विकास समिती सप्तरीका प्रशासनिक तथा प्राविधीक कर्मचारीहरुले सोमवार पनि संघर्षका कार्यक्रमलाई जारि राखेका छन् ।

बढुवा प्रकृया यथासिघ्र अगाडी बढाउन राष्ट्रिय खेलकुद परिषद कर्मचारी संघले यूवा तथा खेलकुद मन्त्रालयलाई पटक/पटक मौखिक तथा लिखित आग्रह गर्दा पनि वेवास्ता गरिएकाले बाध्य भई आन्दोलनमा उत्रनु परेको मधेश प्रदेश खेलकुद कर्मचारी संघका उपाध्यक्ष समेत रहेका प्रशिक्षक उमेश गुरुङले बताए ।

उनका अनुसार विगत १९ वर्षदेखि खेलकुदका प्रशासनिक र प्राविधिक कर्मचारीको बढ्वा प्रकृया रोकिएको छ ।

जिल्ला खेलकुद कर्मचारी संघका अध्यक्ष संजय जोशीका अनुसार केन्द्रीयस्तरबाट घोषित आन्दोलन कार्यक्रम अनुसार साउन २८ देखी ३० सम्म कालो पट्टी बाँधेर कार्यालयको काम गर्ने र साउन ३१ गते १ घण्टा पेन डाउन गर्ने कार्यक्रम तय भएको छ । यस्तै साउन ३२ गते देखि कालो पट्टी बाँधेर काम गर्नूका साथै २ घण्टा पेन डाउन गरी बिरोध जनाउने संर्घषका कार्यक्रम रहेका छन् ।

राष्ट्रिय खेलकुद परिषद तथा मातहतका जिल्ला खेलकुद विकास समितीमा कार्यरत रहेका प्रशिक्षक तथा प्राविधीक कर्मचारीहरुको १९ बर्षदेखि बढुवा नभई संस्थागत रुपमा नै ठूलो समस्या सिर्जना भइरहेको र सोही कारणले खेलाडी तथा प्रशिक्षकहरु समेत पलायन भई रहेकाले संघर्षको बाटो रोज्नु परेको खेलकुद कर्मचारी संघ सप्तरीले जनाएको छ ।

## राष्ट्रपतिद्वारा नवनियुक्त मन्त्रीलाई शपथ

काठमाडौं २९ साउन (रासस) ।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अनितादेवीलाई पद तथा गोपनीयताको शपथ दिलाउनुभएको छ ।

राष्ट्रपति कार्यालय शीतल निवासमा सोमबार आयोजित समारोहमा नवनियुक्त सामान्य प्रशासन मन्त्री अनितादेवीले शपथ लिनुभएको हो । नेपालको संविधानबमोजिम नवनियुक्त मन्त्रीले राष्ट्रपतिबाट शपथ लिने संवैधानिक व्यवस्था छ । मन्त्री अनितादेवी जनमत पार्टीको सांसद हुनुहुन्छ ।

सर्पको टोकाईबाट बचौं

- घरवरिपरी सफा राखौं, प्वालहरु टालौं,
- झाडी एवं खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिंडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कारागारको अतिक्रमित जग्गाप्रति निकायको सक्रियता

राजविराजस्थित कारागारको अतिक्रमित जग्गाप्रति स्थानिय प्रशासनले चासो देखाएको छ । विगत लामो समयदेखी कारागारको आफ्नै जग्गा स्थानीयहरुले अतिक्रमण गरे घर, टहरा बनाएका छन् । जसले गर्दा कारागारलाई भौतिक तथा सुरक्षाको अभाव देखिएको छ । कारागारको झण्डै तीन विगहा जग्गा मध्ये आधा जति जग्गा अतिक्रमण भएको हो । यसका लागि स्थानीय प्रशासनले अतिक्रमित जग्गा खाली गराउन एक महिने सूचना जारि गरेको छ। यसअघि पनि जग्गा खाली गराउने नाउँमा सूचना जारि भएपनि जग्गा खाली गरिएको छैन् ।

यता लामो समयदेखी जिर्ण भवनको समस्याले कारागार आफै समस्यामा छ। कारागार जिर्ण हुनुका साथै साँगुरो ठाउका कारण कैदीबन्दीहरु कोचिकोचि बस्न बाध्य छन्। एक सय २५ कैदीबन्दी राखिने क्षमता रहेको यस कारागारमा हाल ३ सय भन्दा बढी कैदीबन्दीहरु रहेका छन् । विगतमा कैदीबन्दीहरु आफ्ना समस्या सम्बोधन नभएकै कारण आन्दोलन समेत गर्नु परेको उदाहरणहरु प्रसस्तै छन् । कहिले नाइकेका कारण त कहिले त्यहा संचालित पसलमा चर्को मुल्य तिरेर सामान खरीद गर्ने लगायतका ।

तसर्थ अतिक्रमित जग्गासँगै कैदीबन्दीहरुले भोगीरहेका समस्याहरुप्रति स्थानीय प्रशासनले ध्यान दिनुपर्ने आवश्यकता रहेको छ। यसका लागि स्थानीय प्रशासन मात्र नभएर स्थानीय पालिकासमेतले समन्वयकारी भूमिका खेल्नु पर्ने जरुरी रहेको छ।

# नाम झैं सबल बन्दै सबल नेपाल



राजेश झा

"मलाई दुई चार जनाको अगाडि उभिएर बोल्न धेरै डर लाग्ने गरेको थियो । आफूभन्दा ठूला बडाको अगाडी पनि बोल्नु पर्दा धेरै डराउँथे । पछिल्लो करिब पाँच बर्षदेखि मेरो त्यो डर हराएको मैले महसुस गरेको छु । अब त अगाडि कति छन्, को को छन् भनेर मलाई कुनै फरक पर्दैन । निर्धक्क भएर आफ्नो कुरा बोल्ने राख्ने गरेको छु । ममा त्यो परिबर्तन ल्याउन सबल नेपालको महत्वपूर्ण योगदान छ । बाल क्लबका सदस्यहरुको क्षमता बिकास लगायतको तालिमहरुमा सहभागी भएपछि ममा त्यो परिबर्तन आएको हो । अब कसैको अगाडि पनि बोल्न सक्ने भएकी छु ।" सबल नेपालको १८औं साधारण सभाको उद्घाटन समारोहमा बोल्दै जिल्ला बाल क्लब सञ्जालकी सचिव मन्जुला साहले यसरी आफ्नो कुरा राखि रहँदा हलमा तालीको गडगडाहटले गुन्जयमान भएको थियो । सञ्जालका जिल्ला अध्यक्ष सलमा खातुनले पनि आफूलाई अब बोल्न डर नलाग्ने गरेको बताइन् ।

बाल्याबस्था पार गरेर किशोराबस्थामा पाइला टेकेको सबल नेपालले सप्तरीको पश्चिमी र दक्षिणी भेगमा शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, बिपद् ब्यवस्थापन लगायतको बिभिन्न बिषयगत क्षेत्रमा कार्यरत रहेको छ । राजबिराजस्थित लेखनाथ आदर्श पुस्तकालयको एउटा सानो कोठामा सञ्चालनमा रहेको बाल चेतना समूहमा आबद्ध किशोराबस्थाका ब्यक्तिहरुले आफ्नो अध्ययन पश्चात् २०६२ साल कात्तिकमा स्थापना गरेको सबल नेपाल नामक गैरसरकारी संस्था अहिले तीन वटा जिल्लामा कार्यरत रहेको छ । सप्तरी जिल्ला प्रशासन कार्यालयमा दर्ता रहेको सबल नेपाल सिरहा र महोत्तरीमा समेत शाखा बिस्तार गरी कार्यरत रहेको छ ।

जिल्लाको सरसफाई क्षेत्रमा स्वयम्सेवी रुपमा काम सुरु गरेको सबल नेपाल शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, बिपद् ब्यवस्थापन, जिबिकोपार्जन, जलवायु परिबर्तन, बाल प्रायोजक लगायतको बिभिन्न परियोजनाहरु सञ्चालन गरिरहेको छ । हाम्रो चाहना समृद्ध समाजको स्थापना नारालाई आत्मसात गर्दै कार्यरत रहेको सबल नेपाल नाम अनुसार नै काम गरिरहेको गैर सरकारी संस्था महासंघ नेपालका बरिष्ठ उपाध्यक्ष ध्रुवप्रसाद देवको कथन छ ।

हुन त गैरसरकारी संस्थाहरुले समय समयमा आरोप नखेपेको भने होइन । सबल नेपालले पनि सरसफाई क्षेत्रमा कार्य गर्दा सुरुमा बिभिन्न खाले आरोप खेपेको थियो । तर, संस्थाले गरेको कामलाई हेर्दा सबै आरोप मिथ्या साबित भएको थियो । समाजको बिकासमा गैरसरकारी संस्थाको महत्वपूर्ण योगदान रहेको छ। सबल नेपालले पनि समाज बिकासको आफ्नो दायित्वलाई निर्वाह गर्दै आएको छ । जिल्लाको शिक्षा क्षेत्रको बिकासमा सबल नेपालको पनि महत्वपूर्ण भूमिका रहेको छ । बिद्यालयहरुमा बालबिकास केन्द्र भवन निर्माण होस् वा स्वास्थ्य संस्थाको स्तरोन्नतिको काम होस् सबल नेपालले ती क्षेत्रहरुमा बिभिन्न दातृ निकाय तथा बिकास साझेदारहरुसँगको सहयोग एबम् समन्वयमा उल्लेख्य काम गर्दै आएको छ ।

जिल्लामा बिपद् ब्यवस्थापनको क्षेत्रमा काम गर्ने केही गैरसरकारी संस्थाहरु मध्ये अग्रणी स्थानमा रहेको छ । जिल्लामा समुदायमा आधारित बाढी पूर्व सूचना प्रणालीलाई भित्र्याउन पनि योगदान गरेको छ । युनिसेफ र तिलाठी कोइलाडी गाउँपालिकाको आर्थिक सहयोगमा सबल नेपालले ईसिमोडसँगको प्राविधिक सहयोगमा खाँडो खोलामा समुदायमा आधारित बाढी पूर्व सूचना प्रणाली जडान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

युबाहरुले टिमले सञ्चालन गरिरहेको सबल नेपाल नाम अनुरुप नै काम पनि गरिरहेको छ । आगामी दिनमा पनि अझ सबल हुँदै जिल्लाको समग्र बिकासमा योगदान गर्दै जाओस् । किशोराबस्थामा प्रबेश गरेको सबल नेपाल बयस्क हुँदै प्रगति गरोस् । जिल्ला बाल क्लब सञ्जालका सचिव मन्जुला साहले भने झैं सबलले बालबालिकाहरुको बालअधिकार प्रबर्द्धन लगायतको क्षेत्रमा महत्वपूर्ण योगदान गरोस् । शुभकामना ।

# सबै निकायमा विद्युतीय खरिद प्रणालीको अनिवार्य

काठमाडौं, २९ साउन (रासस) ।

सरकारले सार्वजनिक खरिद प्रक्रियालाई अझ बढी पारदर्शी, प्रतिस्पर्धी र सीमित बोलपत्रदाताको मात्र एकाधिकार नरहने बाताबरण सिर्जना गर्न विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा ल्याएको छ ।

हालसम्म उक्त प्रणालीमा पाँच हजार सात सय छ सार्वजनिक निकाय, ४६ हजार ७२ इच्छुक बोलपत्रदाता, दुई हजार सात सय ४३ बैंक शाखा आबद्ध भइसकेको सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव डा दामोदर रेग्मीले जानकारी दिनुभयो ।

उक्त प्रणालीमा हालसम्म एक लाख ५९ हजार छ सय ६० बोलपत्र सूचना प्रकाशित भइसकेका र पाँच लाख ५२ हजार नौ सय चार बोलपत्र प्रतिस्पर्धाका लागि समावेश भइसकेका छन् । सबै सार्वजनिक निकायले रु २० लाखभन्दा बढीको बस्तु वा सेवा परामर्श सेवा खरिद गर्दा वा निर्माण गराउँदा विद्युतीय खरिद प्रणाली अवलम्बन गर्नुपर्ने अनिवार्यता छ ।

त्यसका लागि सबै सार्वजनिक निकाय र इच्छुक बोलपत्रदाता सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्माण गरेको विद्युतीय खरिद सूचना प्रणाली बोलपत्र डट गभ डट एनपीमा आबद्ध हुन उक्त कार्यालयमा निवेदन दिइ युजर नेम र पासवर्ड प्राप्त गर्नुपर्ने सचिव डा रेग्मीले बताउनुभयो ।

यसका लागि विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० र सो निर्देशिका कार्यालयको वेबसाइटमा उपलब्ध छ । तीन तहका सरकारका अतिरिक्त सबै सार्वजनिक निकायले यो प्रणालीको अवलम्बन गर्नु अनिवार्य रहेको जनाइएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयका अनुसार, सबै संवैधानिक अङ्ग वा निकाय, अदालत, नेपाल सरकारका मन्त्रालय, सचिवालय, आयोग, बिभाग वा सोअन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालयले २० लाखभन्दा बढीको खरिदमा बोलपत्र प्रणाली र विद्युतीय खरिद प्रणाली अनिवार्यरुपमा अवलम्बन गर्नु पर्नेछ ।

सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानुनबमोजिम सार्वजनिकस्तरमा स्थापित वा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्रले पनि त्यसअनुसार कार्य गर्नुपर्नेछ ।

परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था, सरकारद्वारा सञ्चालित पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था, सबै स्थानीय तह, विकास समिति ऐन, विकास समिति, नेपाल सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्थालेसमेत विद्युतीय खरिद प्रणाली अनिवार्यरुपमा अवलम्बन गर्नुपर्नेछ ।

कार्यालयले यस कार्यमा सहजताका लागि विद्युतीय खरिद प्रणालीको तालिम सघनरुपमा सञ्चालन गर्न लागेको र खरिद गर्ने निकायमा रहेका अस्पष्टता निवारण गर्न 'प्रोक्युरमेन्ट क्लिनिक'समेत सञ्चालन गर्न लागेको छ ।

# वास्तविक प्रतिवादी नपाइएपछि डा यादवलाई छाडियो : सिआइबी

काठमाडौं २९ साउन (रासस) ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो सिआइबीले महोत्तरीका डा रञ्जितकुमार यादव नक्कली शैक्षिक प्रमाणपत्र कीर्तेका वास्तविक प्रतिबादी नभएको पाइएपछि छाडिएको स्पष्ट पारेको छ ।

सिआइबीका प्रहरी उपरीक्षक नवराज अधिकारीले नेपाल मेडिकल काउन्सिलबाट आएको पत्रका आधारमा डा यादव वास्तविक प्रतिवादी नभएको पाइएपछि छाडिएको जानकारी दिनुभयो ।

सिआइबीले आज एक विज्ञप्ति जारी गरी भनेको छ, "नेपाल मेडिकल काउन्सिल, बाँसबारीको पत्रमार्फत रञ्जितकुमार यादवको प्रमाणपत्रको प्रतिलिपि माग हुँदा यस काउन्सिलमा दर्ता भएका चिकित्सक रञ्जितकुमार यादवको दर्ता प्रमाण पत्र र आवेदन फाराम भुलबस संलग्न हुन गएको कुरा अभिलेखबाट देखिएको जानकारी गराउँदछु भन्नेसमेत बेहोराको प्राप्त पत्र र प्रमाण कागजातअनुसार हाल पक्राउ परेका डा रञ्जितकुमार

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# जनगणनाबाट देखियो नेपाली समाजमा अझै पनि छोराको चाहना अत्यधिक

काठमाडौं, २९ साउन (रासस)।

नेपालमा महिला र पुरुषलाई शिक्षा, स्वास्थ्य, सेवा र सुविधाका हिसाबले समान अवसर प्रदान गरिए पनि पितृसत्तात्मक सोचका कारण छोराको चाहनाले लिङ्ग पहिचान गरी भ्रूण हत्या गर्ने प्रवृत्तिले जन्मिएका शिशुमध्ये छोराको सङ्ख्या धेरै भएको पाइएको छ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको आइतबारको बैठकमा राष्ट्रिय तथ्याङ्क कार्यालयका तर्फबाट उपलब्ध गराइएको विवरणअनुसार एक सय बालिका जन्मिदा सरदर एक सय १४ बालकको जन्म हुने गरेको छ। विश्वमा एक सय बालिका जन्मदा एक सय छ बालक जन्मिनुलाई स्वाभाविकरूपमा लिइन्छ।

मधेस प्रदेशमा एक सय बालिका बराबर एक सय २२ र सुदूरपश्चिम प्रदेशमा एक सय १८ बालकको जन्म हुनुले ती प्रदेशमा अझै पनि छोराप्रतिको चाहना अत्यधिक रहेको देखिन्छ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार जन्मदा महिलाभन्दा पुरुषको सङ्ख्या धेरै भए पनि १९ वर्ष उमेरपछि भने पुरुषभन्दा महिलाको जनसङ्ख्या बढी रहेको पाइएको राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी नेवीनलाल श्रेष्ठले बताउनुभयो।

जनगणनाका बेला ठूलो सङ्ख्यामा रहेका युवा जनशक्ति रोजगारीका लागि विदेश पलायन भएका कारण लैङ्गिक अनुपात तलमाथि हुन गएको अनुमान गरिएको छ। स्थानीय तहतर्फ विश्लेषण गर्दा ग्रामीण क्षेत्रमा ज्येष्ठ नागरिक र बालिकाको सङ्ख्या उल्लेखनीय देखिएको समितिमा प्रस्तुत राष्ट्रिय जनगणनाले देखाएको जनसङ्ख्याको आकार, प्रकार र संरचनासम्बन्धी प्रस्तुतिमा समावेश छ।

त्यस्तै सहरमा काम गर्ने उमेर समूहका युवाको जनसङ्ख्या बढी रहेको देखिएको छ। जनसङ्ख्याको वृद्धिदर मधेस र लुम्बिनी प्रदेशमा एक प्रतिशतभन्दा बढी छ भने १० वर्षमा मधेस र बागमती प्रदेशमा सबैभन्दा धेरै जनसङ्ख्या थपिएको तथ्याङ्क प्रस्तुत गरियो।

शून्यदेखि १४ वर्ष उमेर समूहको जनसङ्ख्या घट्नुले प्रजनन न्यून भएको देखाएको र १५ देखि ६४ वर्ष उमेर समूहको जनसङ्ख्या वृद्धि भई ६२ प्रतिशत कायम रहनुले काम गर्न सक्ने उमेर समूहको बाहुल्यलाई पुष्टि गरेको श्रेष्ठले बताउनुभयो।

यसैबीच महिलाको नाममा रहेको घर वा जग्गा दुवै हुने परिवारको प्रतिशत २३ दशमलव आठ रहेको तथा महिला मूली भएका परिवार प्रतिशत ३१ दशमलव छ रहेको उल्लेख गरिएको छ। पछिल्लो जनगनणाअनुसार विगत १० वर्षको अवधिमा २७ लाख जनसङ्ख्या बढेको छ।

वार्षिक जनसङ्ख्याको वृद्धिदर ९० वर्षको इतिहासमा एक प्रतिशतभन्दा तल अर्थात शून्य दशमलव ९२ मा झरेको देखाइएको छ। तथापि, पछिल्लो समय देशमा पुरुष र महिलाको जनसङ्ख्या अन्तरमा सुधार देखिएको छ। जनगणनाअनुसार पछिल्लो समय हिमालबाट-पहाड, पहाडबाट तराई र सहरमा बसाइसराई केन्द्रित हुने क्रम बढेको छ। जनसङ्ख्याको ५४ प्रतिशत बसोबास तराई मधेसमा हुने गरेको छ।

मुलुकको पछिल्लो जनगणनाअनुसार दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ जनसङ्ख्या पुगेको छ। समग्रमा मुलुकमा जन्मदर घटेको तथा औषध आयु बढेको उल्लेख गरिएको छ।

### *वास्तविक प्रतिवादी ...*

यादव वास्तविक प्रतिवादी नभएको यकीन हुन आएको हुँदा निजलाई प्रस्तुत कसुरको अनुसन्धानका लागि हिरासतमा राखीराख्न आवश्यक नदेखिएकाले जिम्मा जमानीमा छाडिएको छ।"

सिआइबीले डा यादवलाई लिखतसम्बन्धी कसुर मुद्दाको अनुसन्धानका क्रममा यही साउन २५ गते भक्तपुरबाट पक्राउ गरेको थियो। सिआइबीले काठमाडौं जिल्ला अदालतबाट जरुरी पक्राउ पुर्जी स्वीकृति गरी पक्राउ मितिबाट लागू हुने गरी प्रथम पटक पाँच दिनको म्याद थप गरी हिरासतमा राखी अनुसन्धान थालेको थियो।

यसअघि सिआइबीले नियन्त्रणमा लिएका सांसद सुनिल शर्मा पनि जिल्ला अदालतको आदेशले रिहाइ भइसक्नुभएको छ। सिआइबीले नक्कली शैक्षिक प्रमाणपत्र कीर्ते गरेको आरोपमा अन्य छ चिकित्सकलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

## राजविराज नगरपालिका
### ८ नं.वडा कार्यालय
### राजविराज, सप्तरी
### मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८०/०८१
चलानी नम्बरः ९८

मितिः २०८०/०४/२८

सूचना सूचना सुचना

उपरोक्त विषयमा यस जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ५ हाल परिवर्तित वडा नं. ८ वस्ने स्व. तिकलधारी चौधरीको बुहारी स्व.शारदा कुमार चौधरीको पत्नी श्रीमती मालती देवी चौधरीले यस वडा कार्यालयमा उपस्थित भई मिति २०८०/०४/२८ गते द.न.६८ को निवेदन माग अनुसार मेरो पति स्व.शारदा कुमार चौधरीको मिति २०६३/०७/२० गते आफ्नो कालगती मृत्यु भएको हुँदा निज मृतकको सबै भन्दा नजिक हक आफुताली खाने एक मात्र पत्नी श्रीमती मालती देवी चौधरी रहेको हुँदा तपसिल खण्डमा उल्लेखित जग्गा मेरो नाममा दा.खा.दर्ता नामसारी गरी पाऊ भनी हक अंश लाग्ने अन्सियार लगायत हक पुग्ने व्यक्तिले आ-आफ्नो सबुत प्रमाण लिई म्याद ३५ दिन भित्र उजुरी गर्न आउनु होला अन्यथा यो सूचना म्याद समाप्त भइ गएमा पछि कोही कसैको कुनै उजुरी लाग्ने छैन भनी स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भई जाने व्यहोरा यसै सुचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

| जिल्ला | गाउँपालिका/नगरपालिका | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ५ क | ७२१ | ०-०-६ |

जय नारायण मण्डल
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं. ८

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

# बङ्गलादेशमा डेङ्गुबाट मृत्यु हुनेको सङ्ख्या ४०० नाघ्यो

ढाका, २९ साउन (रासस/सिन्ह्वा)।

बङ्गलादेशमा २४ घण्टाको अवधिमा थप ११ जनाको डेङ्गुका कारण मृत्यु भएको पुष्टि भएको छ। योसँगै यस वर्ष डेङ्गु सङ्क्रमणका कारण मृत्यु हुनेको सङ्ख्या ३९८ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ। स्वास्थ्य मन्त्रालय अन्तर्गतको महानिर्देशनालयको तथ्याङ्कअनुसार पछिल्लो २४ घण्टामा दैनिक दुई हजार ९०५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको र जनवरीयता डेङ्गुका सङ्क्रमितको सङ्ख्या ८५ हजार ४११ पुगेको छ।

पछिल्लो २४ घण्टामा अस्पताल र क्लिनिकबाट थप दुई हजार ९९१ जना निको भएर घर फर्केपछि निको हुनेको सङ्ख्या ७५ हजार २८० पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। यस वर्षको अगष्टमा १४७, जुलाईमा २०४ र जुनमा ३४ जनाको मृत्यु भएको छ। गत महिना ४३ हजार ८५४ जनामा लामखुट्टेको टोकाइबाट डेङ्गुको सङ्क्रमण देखिएपछि अगस्टको पहिलो १३ दिनमा थप ३३ हजार ५७९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ।

एडिस लामखुट्टेको टोकाइबाट सर्ने भाइरल रोग डेङ्गु ज्वरा आउँदा टाउको दुख्ने, उच्च ज्वरो आउने, थकाइ लाग्ने, मांसपेशी र जोर्नी दुख्ने, ग्रन्थी सुन्निने, बान्ता हुने र चिलाउने जस्ता लक्षण हरू देखा पर्छन्।एडिस मूलतः उष्णकटिबन्धीय र उपोष्णकटिबन्धीय क्षेत्रमा पाइने लामखुट्टेको प्रजाति हो। तर यो प्रजाति अहिले अन्टार्कटिका बाहेक सबै महादेशहरूमा फैलिएको पाइन्छ।

# क्षेप्यास्त्र उत्पादन बढाउन उत्तर कोरियाली नेता किमको निर्देशन

सियोल, २९ साउन (रासस/एएफपी)।

उत्तर कोरियाली नेता किम जोङ उनले आगामी हप्ता दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले संयुक्त अभ्यासको तयारी गरिरहेका बेला प्रमुख हतियार कारखानाको भ्रमणका क्रममा क्षेप्यास्त्र उत्पादनमा 'व्यापक वृद्धि' गर्न निर्देशन दिनुभएको छ। किमले गत हप्ता एक महत्वपूर्ण सैन्य बैठकमा युद्धको तयार लाई तिब्रता दिन आह्वान गरेपछि शुक्रबारदेखि शनिबारसम्म यी हतियार कारखाना (प्लान्ट) हरुको भ्रमण भएको हो। कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार किमले दुई दिनसम्म गरेको निरीक्षणमा सामरिक क्षेप्यास्त्र उत्पादन गर्ने कारखाना, ठूलो क्यालिबर कन्ट्रोल मल्टिपल रकेट लञ्चर शेलका साथै बख्तरबन्द लडाकु गाडी निर्माण गर्ने प्लान्टको भ्रमण पनि समावेश छ।

रणनीतिक क्षेप्यास्त्र प्लान्ट फ्याक्ट्री भ्रमणका क्रममा किमले प्लान्टले उत्पादनमा उत्पन्न हुने वैज्ञानिक र प्राविधिक समस्यालाई परिपूर्ण बनाएको र हतियारको आधुनिकीकरणलाई अघि बढाएकोमा सन्तुष्टि व्यक्त गर्नुभएको थियो। केसीएनएका अनुसार उहाँले विद्यमान क्षेप्यास्त्र उत्पादन क्षमतामा व्यापक वृद्धि गर्ने महत्वपूर्ण लक्ष्य राख्दै युद्धको तयारीलाई तीव्रता दिन कारखानाको भूमिकामाथि जोड दिनुभएको छ। किमले 'गोलाबारूदको उत्पादनमा वृद्धि सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभएको छ भने उहाँ आँफैले बख्तरबन्द लडाकू वाहन चलाएको तस्वीरसमेत सार्वजनिक गरिएको छ। सरकारी रोडोङ सिनमुन पत्रिकाले सार्वजनिक गरेको तस्विरमा किम उत्तर कोरियाले 'हालै विकसित युटिलिटी कम्ब्याट बख्तरबन्द गाडी'को चालकको सिटमा बसिरहेको देखिनुहुन्छ।

किमले ट्रान्सपोर्टर इरेक्टर लञ्चर उत्पादन गर्ने कारखानाको पनि निरीक्षण गर्दै मोबाइल प्लेटोर्मको विकास र उत्पादनको महत्वमा उहाँले जोड दिनुभएको थियो। उत्तर कोरियाली सेनासँग 'ठूलो सैन्य बल' हुनुपर्छ र शत्रुविरुद्ध कुनै पनि समयमा कुनै पनि युद्धको सामना गर्न पूर्ण रूपमा तयार हुनुपर्छ," किमलाई उद्धृत गर्दै केसीएनएले उल्लेख गरेको छ। "यदि उनीहरूले आक्रमण गरे भने उत्तर कोरियाले उनीहरूमाथि धावा बोल्ने हैसियत रहनुपर्ने किमले बताएको सिनमुनले समाचारमा उल्लेख गरेको छ। दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकाले अगस्ट २१ देखि अगष्ट ३१ सम्म हुने वार्षिक 'उल्ची फ्रिडम शिल्ड (युएफएस)' अभ्यासको तयारी गरिरहेका बेला यो निरीक्षण गरिएको हो।

# भारतमा भारी वर्षाका कारण कम्तीमा २४ जनाको मृत्यु

देहरादून, २९ साउन (रासस/एएफपी)।

भारतमा अविरल वर्षाका कारण आएको बाढी र पहिरोमा परी कम्तीमा २४ जनाको मृत्यु भएको छ। मृतकमध्ये नौ जनाको मन्दिर भत्किँदा मृत्यु भएको छ भने दर्जनौं बेपत्ता भएको अधिकारीहरुले सोमबार जानकारी दिएका छन्। केही दिनदेखिको मुसलधारे वर्षाका कारण उत्तरी राज्य उत्तराखण्ड र हिमाञ्चल प्रदेशमा सवारी साधन बगाएको छ, भवन र पुलहरू भत्किएका छन्। बाढी र पहिरो सामान्य कुरा हो र यसले भारतको जोखिमपूर्ण मनसुनको मौसममा व्यापक विनाश निम्त्याउँछ। विशेषज्ञहरूका अनुसार जलवायु परिवर्तनले यसको आवृत्ति र गम्भीरता बढाइरहेको छ।

सबैभन्दा बढी प्रभावित राज्य हिमाञ्चल प्रदेशका मुख्यमन्त्री सुखविन्दर सिंह सुखुले पछिल्लो २४ घण्टामा कम्तीमा १६ जनाको मृत्यु भएको पुष्टि गर्नुभएको छ। "स्थानीय प्रशासनले अझै फसेका व्यक्तिहरूको उद्धार का लागि भग्नावशेष हटाउन लगनशीलताका साथ काम गरिरहेको छ," मुख्यमन्त्रीले जारी गरेको विज्ञप्तिमा भनिएको छ। सुखुले स्थानीय बासिन्दालाई घरभित्रै बस्न र नदी नजिक नजान आग्रह गर्नुभएको छ। प्रभावित हिमाञ्चल राज्यका विद्यालयहरू बन्द गरिएको उहाँले बताउनुभयो। छिमेकी राज्य उत्तराखण्डमा भारी वर्षाका कारण पहिरो जाँदा मानिसहरू पुरिएको आशङ्कामा उद्धार टोलीहरू भग्नावशेष हटाउन निरन्तर खटिरहेका छन्। राज्यमा शुक्रबारदेखि अहिलेसम्म कम्तीमा आठ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन्।मनसुनले दक्षिण एसियामा वार्षिक वर्षाको करिब ८० प्रतिशत वर्षा ल्याउँछ र यो कृषि र लाखौंको जीविकोपार्जनका लागि महत्वपूर्ण छ। तर यसले हरेक वर्ष पहिरो र बाढीको रूपमा विनाश पनि ल्याउँछ।

# समुदायको बिकासका लागि शिक्षा र स्वास्थमा सुधार ल्याउनुपर्छ : वरिष्ठ उपाध्यक्ष देव



**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन ।**

सबल नेपालले आफ्नो स्थापना दिवस मनाएको छ। सोमबार आयोजित एक समारोहबीच सबलले १८ औं साधारण सभा तथा सामाजिक परिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

समारोहमा गैसस महासंघका वरिष्ठ उपाध्यक्ष ध्रुव देवले समुदायको बिकासका लागि शिक्षा र स्वास्थमा सुधार ल्याउनुपर्नेमा जोड दिएका छन्। उनले समुदाय विधालयको शिक्षा कमजोरसँगै अभिभावकको विश्वास घट्दै गएकोले सबै मिलेर सामुदायिक बिद्यालयमा गुणस्तरिय सुधार ल्याउनुपर्ने धारणा रोख।

कार्यक्रममा गैसस महासंघ सप्तरीका अध्यक्ष तथा सबल नेपालका निर्देशक दिपक झाले बालबालिकाहरूको सिकाई उपलब्धी, पठनपाठनमा सुधार, समुदायको क्षमता बिकास, बालबालिकाहरूको पठाईमा सुधार र घरमा सिकाईको वातावरण निर्माण गर्नका लागि निरन्तर कार्यक्रम गर्दै बताए।

उनले स्थानिय तहले बाटो, सडक, भवन निर्माणलाई मात्र बिकास बुझ्केकोले बालबालिकाहहरूको स्वास्थ, शिक्षालाई प्राथमिकतामा नराख्दा प्रभावकारी उपलब्धी हासिल गर्न चुनौती रहेकोले बालबालिकाको बिकासलाई जनप्रतिनिधिहरूले कार्यक्रम बनाउनुपर्नेमा जोड दिए।

गैसस महासंघ नेपाल सप्तरीका प्रथम अध्यक्ष दिलिप चौधरीले समुदायको बिकास र व्यवहारमा परिवर्तन सँगै आय आर्जनमा सुधार ल्याउनका लागि सबलले निरन्तर रूपमा समाजलाई सबल बनाउन खेलेको भूमिकाप्रति प्रशंसा गरे।

सोही अवसरमा कोशी पीडित समाजका निर्देशक देव नारायण यादवले सबल नेपालले समाज र समुदाय तथा राष्ट्र हितका लागी पुऱ्याएको योगदान बारे चर्चा गरे।

कार्यक्रममा सबल नेपालका अध्यक्ष जुना गिरीले आ.ब. २०७९/८० को बार्षिक प्रगती प्रतिवेदन तथा आ.ब. २०८०/८१ को बार्षिक कार्यक्रमको प्रतिवेदन प्रस्तुत गरेकी छिन्।

आ.ब. ०७८/७९ मा खर्चको अनुमानित विवरण अनुसार समुन्नती र संकल्प कार्यक्रम तर्फ ५ करोड १८ लाख, खानेपानी तथा सरसफाई स्वच्छता कार्यक्रम तर्फ ४ करोड २५ लाख, सौर्यउर्जा प्रवर्द्धवन कार्यक्रम तर्फ १२ लाख १९ हजार, शुद्ध खानेपानी माथि सहज पहुँचका लागि ४२ लाख ५० हजार, दैवी प्रकोप राहत तथा कोरोना रोकथाम कार्यक्रम तथा सहयोगमा २ करोड ५० लाख, वातावरण संरक्षण अभियान २ करोड ५० लाख, कृषीमा आधारित कार्यक्रममा ७५ लाख २५ हजार र संस्था संचालन तर्फ ७५ लाख ४५ हजार गरी जम्मा १६ करोड ४८ लाख ३९ हजार बराबरको आयव्यय सार्वजनिक गरिन्।

उनले सबलले शिक्षा, स्वास्थ, जिविकोपार्जन, किशोरकिशोरी बिकास कार्यक्रम संचालन गर्दै आएको जानकारी दिँदै सेभ द चिल्ड्रेन र सबल नेपालको साझेदारीमा जिल्लाको खडक र सुरून्ङा नगरपालिकामा बाल बिकास केन्द्र निर्माण, शिक्षक शिक्षिकाहरूलाई शिक्षण सिकाई क्रियाकलापका लागि क्षमता बिकास तालिम, स्वास्थ चौकीहरूमा सामग्री बितरण, स्वास्थकर्मिहरूको क्षमता बिकास, किशोरकिशोरी क्षमता बिकास, नेतृत्व बिकास, बालभित्ते पत्रकारिता, बालअधिकार सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रम गर्दै आएको उल्लेख गरिन्।

कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी बैधनाथ झा, सुरून्ङा नगरपालिका १० का वडा अध्यक्ष चन्द्र नारायण यादव, महुली समुदाय बिकास केन्द्रका अध्यक्ष श्यामकान्त चौधरी, सेभ द चिल्ड्रेनका देवकृष्ण भगत, आसबिर सारू, जिल्ला बाल संजालका अध्यक्ष सलमा खातुन, सबल नेपालका संस्थापक अशोक कुमार साह, परमेश्वर झा, संस्थाका कार्यक्रम संयोजक रोशन मण्डल, सिरहाका वास कार्यक्रम संयोजक भिमलाल साही लगायत संस्थाका साधारण सदस्य तथा विभिन्न सघसंस्थाहरू तथा पालिकाहरूको प्रतिनिधिहरूको उपस्थिति रहेको थियो भने कार्यक्रम संचालन सबल नेपालका कोषाध्यक्ष आयुष श्रेष्ठले गरेका थिए।

# शिक्षा ऐनको मस्यौदामा सुधारका लागि शिक्षक र विद्यालय कर्मचारी आन्दोलित




**दैनिक समाचारदाता**
**राजविराज, २९ साउन।**

शिक्षा ऐनको मस्यौदा तथा सरकारसंग बिगतमा भएको ३० र ५१ बुंदे सहमतीमा सुधार माग्दै सप्तरीका शिक्षक र विद्यालय कर्मचारी आन्दोलित भएका छन्।

आईतवार जिल्लाका १८ वटै पालिका कार्यालय प्राङ्गणमा ४ घण्टा धर्नामा वसेका शिक्षक र विद्यालय कर्मचारीले मंगलबार जिल्लास्थित शिक्षा विकास समन्वय इकाईमा धर्ना दिने कार्यक्रम तय गरेको छ।

आफुहरुको माग पुरा नगरिएसम्म विभिन्न चरणमा आन्दोलन कार्यक्रम गरिने उनीहरुले जनाएका छन्।

जिल्लास्थित शिक्षक महासंघको अगुवाईमा अघिल्लो दिन आइतबार विहान ११ बजे देखि ३ बजे सम्म धर्ना कार्यक्रम गरी सम्बन्धित पालिका प्रमुख मार्फत सरकारलाई ध्यानाकर्षण पत्र पठाएका नेपाल शिक्षक महासंघ सप्तरीले जिल्ला शिक्षा विकास इकाई मार्फत पनि उक्त ध्यानाकर्षणपत्र बुझाउने तयारी गरेको महासंघका जिल्ला अध्यक्ष दिनेश प्रसाद यादवले जनाकारी दिएका छन्।

सरकारद्वारा हालै सार्वजनिक भएको विद्यालय शिक्षा ऐन २०८०" को मस्यौदामा रहेका केही दफाहरु संविधान प्रदत ट्रेड युनियन अधिकार, शिक्षक कर्मचारीको पेशागत सुरक्षा र स्वभिमानको खिलाफ रहेको अध्यक्ष यादवको भनाई छ।

मस्यौदामा नेपाल शिक्षक महासंघ र नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय बीच भएको ३० र ५१ बुदे सहमतीमा सबै मुदा उचित ढंगले समेटिन नसकिएको उनले बताएका छन्।

त्यसैगरी विद्यालय शिक्षा ऐन २०८० को मस्यौदाले स्थायी, अस्थायी, करार, राहत, साविक उमावी, बालकक्षा, विशेष कक्षा, शिक्षक सिकाई, अनुदान, प्राविधीकधार, संस्थागत विद्यालयका शिक्षक लगायत सबै खाले शिक्षक र विद्यालय कर्मचारीका धेरै माग मुदाको सम्बोधन गर्न नसकेको उनको भनाई छ।




**पत्रकारहरु अझै आन्दोलित :** नेपाल पत्रकार महासंघ सप्तरी शाखा पाँचौ दिन सोमबार पनि आन्दोलनलाई निरन्तरता दिँदै बिरोध प्रदर्शन गर्दै। *तस्बिर : राजविराज दैनिक*

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*